# विपद् व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मितिः -

<u>संशोधनः</u>
प्रथम सशोधन मितिः -२०७६।०१।२७

संवत् २०७४ सालको ऐन नं .१६

<u>प्रस्तावना</u>ः विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारीरुपमाव्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद\बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति,प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न, विपद\बाट उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न र विपद् व्यवस्थापनसँग सम्बन्धित सबै विषयमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

## <u>परिच्छेद-१</u>
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "विपद् व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले यस ऐनबमोजिम गठन हुने प्रदेश विपद् व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्छ र सो शब्दले यस ऐनबमोजिम गठन हुने कार्यकारी समितिको अध्यक्ष समेतलाई जनाउँछ ।

(ख) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा १६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरङ्गीमा हुने फ्लू, प्यानडामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्यौगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक क्षति तथा प्रकोप विपद्वाट उत्पन्न विपद् सम्झनु पर्छ।

(ङ) "तोकिएको अधिकारी" भन्नाले यस ऐनको दफा १८ बमोजिमको अनुगमन जाँचबुझ तथा नियमन अधिकारी सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(छ) [1]"प्रदेश विपद् व्यवस्थापन परिषद" भन्नाले दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद सम्झनु पर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्टयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाटउत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका सबै मन्त्रालयहरु जनाउँदछ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँदछ ।

(ञ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री मन्त्रीराज्यमन्त्री र सहायक मन्त्री समेतलाई जनाउँछ ।

(ट) "विपद्" भन्नाले कुनै प्राकृतिक र गैर प्राकृतिक दुवैखाले विपद्लाई सम्झनुपर्छ ।

(ठ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ड) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनु पर्छ ।

(ढ) "विपद् पूनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पूनर्निर्माण एवम् पुनर्स्थापनासम्बन्धीकार्य सम्झनुपर्छ ।

(ण) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(त) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(थ) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहु-उद्देश्यीय व्यापारिक भवन जस्ता तोकिए बमोजिमका व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

[1] पहिलो संशोधनद्वारा संशोधित

(द) “सरोकारवाला मन्त्री/सचिव” भन्नाले विपद् सम्बन्धि प्रदेश विपद् व्यवस्थापन समिति लगायतका बैठकमा उपस्थित सम्बन्धित विषयको प्रदेश सरकारको मन्त्री/सचिवलाई सम्झनु पर्छ ।

(ध) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानूनबमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

(न) “सुरक्षा निकाय” भन्नाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बलनेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा कानूनबमोजिम गठन हुने प्रदेश सुरक्षा निकायलाई समेत सम्झनु पर्छ।

(प) “स्थानीय तह” भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

(फ) “स्थानीय विपद् व्यवस्थापन समिति” भन्नाले प्रत्येक स्थानीय तहमा गठन हुने स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्रदेश विपद् व्यवस्थान समितिसम्बन्धी व्यवस्था

३. [2]प्रदेश विपद् व्यवस्थापन परिषदः (१) प्रदेश नं.१ मा विपद् व्यवस्थापन गर्न एक प्रदेश विपद् व्यवस्थापन परिषद रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) सबै मन्त्रालयका मन्त्री | - सदस्य |
| (ग) प्रदेश सभाकाप्रमुख विपक्षी दलका नेता | - सदस्य |
| (घ) प्रदेश योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| (ङ) मुख्य न्यायाधिवक्ता | - सदस्य |
| (च) प्रमुख सचिव | - सदस्य |
| (छ) सबै मन्त्रालयका सचिव | - सदस्य |
| (ज) प्रदेशस्थित नेपाली सेनाको प्रमुख | - सदस्य |
| (झ) प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख | - सदस्य |
| (ञ) प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख | - सदस्य |
| (ट) प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख | - सदस्य |
| (ठ) प्रदेश प्रहरी ऐन बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख | - सदस्य |
| (ड) प्रदेश अनुसन्धान व्युरो प्रमुख | - सदस्य |
| (ढ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्ये दुईजना महिला सहित परिषद्बाट मनोनित पाँच जना | - सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

[2] पहिलो संशोधनद्वारा संशोधित

(ण) प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषदले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्य पद बाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

४. <u>प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद्को पहिचानको कार्य गर्ने,

(ख) तत्कालिन/आपत्कालिन उपचारका लागि सार्वजनिक तथा निजी अस्पताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल स्वास्थ्य उपचार हुने व्यवस्था मिलाउने,

(ग) विद्यालय तहदेखी उच्चस्तर सम्मको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न आवश्यक पहल गर्ने,

(घ) जोखिम संवेदनशील विकास तथा भू-उपयोग योजना तयार गरी कार्यान्विन गर्ने, गराउने,

(ङ) विपद् प्रतिकार्यका लागि प्रादेशिक विपद् प्रतिकार्यको कार्य ढाँचा तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(च) विपद्का समयमा आमसञ्चारका माध्यमहरुको भूमिकासम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(छ) नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तरराष्ट्रिय, द्विपक्षीय एवम् बहुपक्षीय सहायता परिचालन गर्ने, गराउने,

(ज) विपद् व्यवस्थापनसम्बन्धी रणनीतिक योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(झ) विपद् व्यवस्थापनका सम्बन्धमा सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संघ संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संघ संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गर्न लगाउने,

(ञ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रादेशिक सरकार, विभाग तथा अन्य निकायको भूमिका तथा जिम्मेवारी निर्धारण गर्ने,

(ट) विपद् व्यवस्थापनसम्बन्धमा संघीय मापदण्ड समेतलाई आधारमानी प्रादेशिक नीति र योजनाबमोजिम प्रदेशस्तरमा विपद् व्यवस्थापनसम्बन्धी मध्यकालीन तथा अल्पकालिन मापदण्ड,योजना, कार्यक्रम तर्जुमा गरी लागू गर्ने/गराउने,

(ठ) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारीता ल्याउनआवश्यक सहजीकरण र समन्वय गर्ने,

(ड) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारीता ल्याउन संघीय सरकार,नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल, नेपालका साथै अन्य प्रदेश, स्थानीय तह र सरकारी तथा गैरसरकारीसंघ संस्था वा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(ढ) राहत सामग्रीको व्यवस्थापनका लागिमापदण्ड बनाई लागू गर्ने गराउने,

(ण) विपद् प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(त) नेपाल सरकारबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा नेपाल सरकारसँग समन्वय गरी स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजीक्षेत्रसँग रहेको सवारी साधन, यन्त्र, उपकरण, सरसमान, खाद्यान्न आदिको अभिलेख राखी कानूनबमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(थ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा नेपाल सरकारसँग समन्वय गरी असुरक्षित भवन भत्काउन लगाउने र त्यस्ता कार्यमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहलाई सहयोग गर्ने,

(द) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ध) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने र प्रादेशिक आकस्मिक संचालन केन्द्रको स्थापना गर्ने,

(न) प्रदेशस्तरमा विपद् व्यवस्थापनसम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने र प्रादेशिक विपद् व्यवस्थापन गोदाम घरको व्यवस्था गर्ने, गराउने,

(प) विपद्को समयमा गरिएका खोज, उद्धार तथा राहत कार्यसम्बन्धी विवरण अद्यावधिक गर्ने,

(फ) विपद् व्यवस्थापनसम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐनबमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकताअनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संघ-संस्था र प्रतिष्ठानलाई आवश्यक सुझाव वा निर्देशन दिने,

(ब) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमनसम्बन्धमा आवश्यक कार्य गर्ने,

(भ) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निमाण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने, गराउने,

(म) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(य) आफ्नो कार्यक्षेत्र अन्तरगतका विपद् व्यवस्थापनसम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सोको वार्षिक प्रतिवेदन तयारी गरी प्रदेश सभासमक्ष प्रस्तुत गर्ने,

(र) विपद् व्यवस्थापनसम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

५. <u>प्रदेश विपद् व्यवस्थापन समितिकोबैठकसम्बन्धी व्यवस्था</u>: (१) समितिको वैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) समितिको बैठक वर्षको कम्तीमा तीनपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर, आवश्यक परेको बखत जुनसुकै समयमा पनि बैठक बस्नसक्नेछ ।

(ख) समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा अठ्चालीस घण्टा अगावै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।तरतत्काल समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले चौबीस घण्टा अगावै समितिको बैठक बोलाउन सक्नेछ ।

(ग) समितिको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ङ) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ।

(च) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(छ) समितिको बैठक अध्यक्षले तोकेको स्थानमा बस्नेछ ।

(ज) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

## परिच्छेद-३
## <u>कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

६. [3]<u>कार्यकारी समितिको गठन</u>: (१) समितिबाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने, गराउने काम समेतका लागि एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको आन्तरिक मामिला सम्वन्धी विषय हेर्ने मन्त्री – अध्यक्ष

[3] पहिलो संशोधनद्वारा संशोधित

(ख) सबै मन्त्रालयका सचिव – सदस्य

(ग) प्रदेश प्रमुखको कार्यालयको सचिव – सदस्य

(घ) प्रदेश सभा सचिवालयको सचिव – सदस्य

(ङ) प्रदेशस्थित नेपाली सेनाको प्रमुख – सदस्य

(च) प्रदेशस्थित नेपाल प्रहरीको प्रमुख – सदस्य

(छ) प्रदेशस्थित सशस्त्र प्रहरी बल नेपालको प्रमुख – सदस्य

(ज) प्रदेशस्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख – सदस्य

(झ) प्रदेशस्थित संघीय प्रहरी इकाई प्रमुख – सदस्य

(ञ) प्रदेश कानून बमोजिम गठन हुने प्रदेश प्रहरी प्रमुख – सदस्य

(ट) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञताहासिल गरेका व्यक्तिहरु मध्येबाट एक जना महिला सहित कार्यकारी समितिबाट मनोनित तीन जना – सदस्य

(ठ) प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष – सदस्य

(ड) प्रदेशस्तरीय रेडक्रस सोसाइटीको अध्यक्ष – सदस्य

(ढ) आन्तरिक मामिला मन्त्रालयको विपद् महाशाखा प्रमुख – सदस्यसचिव

(३) उपदफा (२) को खण्ड (ट) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्य बाट हटाउनु अघि निजलाई सफाई पेशगर्न मनासिब मौका दिनु पर्नेछ ।

७. <u>कार्यकारी समितिको काम, कर्तव्य र अधिकार</u>ः कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निमार्ण गर्ने, गराउने,

(ख) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ग) प्रचलित कानूनको अधिनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत वा सहयोगलाई व्यवस्थित र समन्वयात्मकरुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति तथा योजना र मापदण्ड तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) व्यवस्थापन समितिबाट स्वीकृत प्रादेशिक नीति योजनाको तथा मापदण्डको अधिनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी एकिकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने/गराउने, साथै स्वीकृत नीति योजना कार्यक्रम बमोजिम तोकिए अनुसार आवश्यक सामग्री खरिद गर्ने, भण्डारण गर्ने,राहत वितरण आदि कार्य गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(च) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) विपद् जोखिम न्यूनीकरणका लागि विषयगत क्षेत्रअनुरुप आपतकालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ज) प्राकृतिक विपद्को सम्भावित असरलाई न्यूनीकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कटसम्बन्धी नक्साङ्कन गर्ने गराउने,

(झ) सार्वजनिक पूर्वाधारसम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने,गराउने,

(ञ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) विपद् जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ठ) उच्च सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण कार्यक्षेत्र सञ्चालन गर्ने, गराउने,

(ड) प्रादेशिक पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ढ) विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउने आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने, परिचालन गर्ने,

(ण) विपद् घटना हुनसाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(त) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(थ) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(द) विपद् व्यवस्थापन सम्बन्धमा समितिले तोकेको अन्य कार्य गर्ने,गराउने,

(ध) विपद् व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(न) स्थानीय खोज उद्धार समूह गठन सम्बन्धी आवश्यक कार्य गर्ने,

(प) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल र अन्य सम्बन्धित संघ संस्था जिल्ला विपद् व्यवसथापन समितिसँग समन्वय गर्ने,

(फ) विपद् व्यवस्थापनका सम्बन्धमा आवश्यक उपकरण लगायतको सामान भाडामा लिने वा खरिद गर्ने,

(ब) यस दफा बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा संघ, स्थानीय तहबीच आवश्यक समन्वय गर्ने ।

८. <u>कार्यकारी समितिको बैठकसम्बन्धी व्यवस्थाः</u> (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्ने छ ।

तर तत्काल कार्यकरी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय दिई तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकता महसुस गरेमा सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(७) कार्यकारी समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

९. <u>विशेषज्ञ समिति गठन गर्न सक्नेः</u>(१) कार्यकारी समितिले विपद् व्यवस्थापनसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नर विपद्सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भू-गर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ वा अन्य विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. <u>सचिवालयसम्बन्धी व्यवस्थाः</u> (१) यस ऐनको दफा (७) बमोजिमको नीति, कार्यक्रम तथा योजनाको कार्यान्वयन गर्न कार्यकारी समितिअन्तर्गत एक सचिवालय रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा विपद्सम्बन्धी विषय हेर्ने मन्त्रालयको महाशाखा प्रमुख त्यस्तो सचिवालयको प्रमुख रहने र निजको मातहतमा सचिवले तोकेको अन्य कर्मचारी रहने छन् ।

(३) सचिवालयकोकाम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन समिति र कार्यकारी समितिबाट स्वीकृत नीति, योजना, कार्यक्रम र निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ख) विपद् जोखिम व्यवस्थापनसम्बन्धी प्रादेशिक स्रोत निकाय (फोकल एजेन्सी) को रुपमा काम गर्ने,

(ग) विपद्को घटना हुनासाथ कार्यकारी समितिको अध्यक्षको निर्देशनबमोजिम त्यस्ता घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका व्यक्तिलाई उद्धार गर्ने, गराउने र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउन सम्बन्धित निकायँग समन्वय गर्ने,

(घ) विपद् घटना पश्चात् मानवीय सहायताका लागि प्रचलित कानूनबमोजिम प्राप्त हुने नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(ङ) विपद् व्यवस्थापनको क्षेत्रमा प्राप्त हुने सहायताको एकीकृत अभिलेख राख्ने,

(च) प्रादेशिक विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापनसम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(छ) प्रदेश सरकारका विभिन्न निकायलगायत अन्य मन्त्रालय, संघ संस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित विषयमा सल्लाह सुझाव दिने,

(ज) विपद् व्यवस्थापनका सम्बन्धमा कार्यकारी समितिको अध्यक्षको निर्देशनबमोजिम प्रदेश र स्थानीयस्तरका प्रशासनिक तथा सुरक्षा संयन्त्र तत्काल परिचालन हुने गरी आवश्यक व्यवस्था गर्ने,

(झ) विपद् जोखिम न्यूनीकरण सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(ञ) विपद् जोखिम न्यूनीकरणको लागि भूविज्ञान, भूकम्प विज्ञान, जल तथा मौसम विज्ञान, भौगोलिक सूचना प्रणाली,दुर संवेदन (रिमोट सेन्सिङ्ग) प्रणाली, पूर्वचेतावनी प्रणाली लगायतका आधुनिक तथा परम्परागत प्रविधिहरुको अध्ययन, अनुसन्धान गर्ने, गराउने र उपयुक्त प्रविधिको उपयोग गर्नेकार्यक्रम र योजना कार्यान्वयन गर्ने,

(ट) विपद्को समयमा तत्काल परिचालन हुने गरी फ्लाइङ्ग स्क्वाड गठन गर्ने,

(ठ) विपद्का सम्बन्धमा विपद् व्यवस्थापन समिति वा कार्यकारी समितिको निर्णय, निर्देशन र तोकिए बमोजिमका अन्य काम गर्ने ।

(४) कार्यकारी समितिले तोकेको स्थानमा समितिको सचिवालय रहनेछ ।

११. <u>कर्मचारी माग गरी काम लगाउन सक्ने</u>ः (१) विपद्को समयमा कार्यकारी समितिले विशेष कामको लागि निजामती सेवा, सुरक्षा निकाय वा सार्वजनिक संस्थाबाट कुनै कर्मचारी माग गरी काम लगाउन आवश्यक भएमा कार्यकारी समितिले सम्बन्धित संस्था वा निकायमा समन्वय गरी कर्मचारी पठाइदिन लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित संस्था वा निकायको माग बमोजिम कर्मचारीलाई कार्यकारी समितिमासो समितिसँग समन्वय गरी काजमा खटाउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

## परिच्छेद -४
## <u>सुरक्षा निकाय तथा अन्य निकायको काम, कर्तव्य र अधिकार</u>

१२. <u>सुरक्षा निकायको परिचालन तथा काम, कर्तव्य र अधिकार</u>ः प्रदेश ऐन बमोजिम गठन हुने सुरक्षा निकायको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) विपद् व्यवस्थापन सम्बन्धमा सुरक्षा निकायले प्रदेश विपद् व्यवस्थापन समितिको अध्यक्ष तथा कार्यकारी समितिको निर्देशन तथा सुपरिवेक्षणअन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नेछः-

(क) सम्भावित विपद्को सम्बन्धमा पूर्वचेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग गराउने,

(ख) कुनैपनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने,

(घ) उद्धारसम्बन्धी तालीम एवम् जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(२) कार्यकारी समितिको अध्यक्षको आदेशबमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र श्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ ।

(३) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि कार्यकारी समिति सँग आवश्यक सामग्री माग गर्न सक्नेछ ।

(४) उपदाफा १ बमोजिम बाहेकका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल लगायतका सुरक्षा निकायलाई विपद्का सम्बन्धमा तत्काल सूचना आदान प्रदान गर्ने ।

(५) उपदफा ४ बमोजिमको सुरक्षा निकायसंग उद्धार, राहत, पूर्नस्थापना लगायतका विपद् सम्बन्धी कार्यमा समन्वय र सहकार्य गरी जोखिम न्यूनिकरण गर्ने/गराउने ।

१३. <u>वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायसंग समन्वय र सहकार्य गर्ने</u>ः (१) कुनै स्थानमा विपद् परेमा वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले कार्यकारी समितिलाई तत्काल सूचना दिनु पर्नेछ र निकायसंग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण गर्ने कार्य गर्ने/गराउने ।

(२) आपतकालीन कार्य सम्पादन गर्दा कार्यकारी समितिकोसमन्वयमा कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र श्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायक निकाय वा संस्थालाई हुनेछ ।

१४. <u>सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व</u>ः (१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, संस्था वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपतलीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पूर्नस्थापना तथा पूनर्निमाण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी समिति लगायत अन्य समितिलाई आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा कार्यकारी समितिले तोके बमोजिम आधारभूत अभिमुखीकरण तालीम दिने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने श्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) कार्यकारी समितिको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुर्याउने

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले प्रदेश सरकारको विपद् व्यवस्थापनसम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी प्रचलित कानून बमोजिम लागू गर्नु, गराउनु पर्नेछ ।

१५. <u>विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने</u>ः सरकारी संस्था, गैरसरकारी संघ संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयमसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुर्नस्थापना तथा पुर्ननिर्माण लगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यमा सहयोग गर्ने,

(ङ) विपदमा परेका मानिसको पुर्नस्थापना लगायतको कार्यमा सहयोग गर्ने ।

## परिच्छेद -५

## विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

१६. प्रदेश विपद् व्यवस्थापन कोषः (१) विपद् व्यवस्थापनका लागि प्रदेशस्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ । त्यस्तो कोषको रकम प्रदेश विपद् व्यवस्थापन समितिले स्वीकृत गरेको वार्षिक कार्यक्रमबमोजिम कार्यकारी समितिले खर्च गर्नेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छनः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ग) संघीय सरकार व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग, अनुदान वा ऋणस्वरुप प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(४) कोषको रकम विपद् व्यवस्थापनसम्बन्धी कार्यका लागि प्रयोग गरिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(६) कोषको आन्तरिक लेखा परीक्षणप्रदेश लेखा नियन्त्रण कार्यालयले गर्नेछ र त्यस्तो कार्यालय स्थापना नहुन्जेल सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयलेगर्नेछ ।

(७) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(८) कार्यकारी समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समितिसमक्ष पेश गर्नेछ ।

## परिच्छेद- ६

## कसूर तथा सजायसम्बन्धी व्यवस्था

१७. कसूर र सजायः(१) कसैले विपदको घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्राअनुसार पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्राअनुसार एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(क) कुनै विपदको घटना घट्न सक्ने अफवाह फैलाई सार्वजनिकरुपमात्रास सृजना गरेमा,

(ख) अनुमति लिई वा निलईविपद्का नाममा चन्दा, राहत वा सहयोग संकलन गरेमा, आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा सहयोग गरेमा,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) विपद्को समयमा अप्राकृतिकरुपमा बजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव सिर्जना गरेमा वा गुणस्तरहीन वस्तुको कारोवार गरेमा ।

(३) कसैले देहाय बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछः-

(क) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न प्रदेश सरकार वा यस ऐनबमोजिम गठन हुने कुनै समिति वा त्यस्तो कार्यका लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य पालना गर्न वाधा पुऱ्याएमा,

(ख) यस ऐन कार्यान्वयन गर्ने सम्वन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा,

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा।

(४) उपदफा (१), (२) र (३) बमोजिमको कसूरमा दण्ड र सजाय गर्ने सम्बन्धी व्यवस्था प्रचलित संघीय वा प्रदेश कानून बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२) र (३) मा उल्लेख गरिएका बाहेक यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा कार्यविधि विपरीत कसैले कुनै कार्य गरेमा त्यस्तो कार्यलाई कसुर मानिने छ र त्यस्तो कसुरमा यस ऐन बमोजिमको तोकिएको अधिकारीले जरिवना गर्ने, क्षतिपूर्ति भराउने वा दुवै सजाय गर्न सक्नेछ।

१८. <u>अनुगमन जाँचबुझ तथा नियमनअधिकारी</u>: (१) अनुगमन जाँचबुझ तथा नियमन अधिकारी प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकारीको काम, कर्तव्य,अधिकारर कार्य सम्पादन प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन जाँचबुझ तथा नियमन अधिकारीले यस ऐनको दफा १७ को उपदफा (१), (२) र (३) बमोजिमकोदण्ड, सजाय हुने विषय बाहेकका अन्य कसुरजन्य कार्य गरेमा त्यस्तो कसुरदारलाईछानवीन गरी त्यस्ता कसूरमा तोकिए बमोजिम जरीवाना गर्ने र क्षतिपूर्ति भराउन आदेश दिन सक्नेछ ।

(४) यस ऐनको दफा १७ (५) को विषयमा कसैले कुनै घटना वा कार्य भएगरेको थाहा पाएमा थाहा पाएको मितिले २१ दिन भित्र दफा १८ बमोजिमको अधिकारी समक्ष सूचना जानकारी वा निवेदन दिन सक्नेछ तर सार्वजनिक सरोकार वा महत्वको विषय वा कार्य वा घटनाका सम्बन्धमा भने दफा १८ बमोजिमको अधिकारी स्वयंमले जाँचबुझ र छानविन गर्न वा गर्न लगाउन सक्नेछ ।

१९. <u>पुनरावेदन</u>: दफा १८ बमोजिमको अनुगमन तथा जाँचबुझ नियमन अधिकारीले गरेको आदेश उपर चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले आदेश भएको जानकारी पाएको मितिले ३५ दिन भित्र सम्बन्धित तोकिएको अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२०. प्रचलित कानूनबमोजिम मुद्दा चलाउन वाधा नपर्नेः यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कसैले यस ऐनविपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लंघन हुने भएमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन वाधा पर्ने छैन ।

तर एउटै कसुरमा एक भन्दा बढी निकायमा मुद्दा चलाइने छैन।

२१. असल नियतले गरेको काममा सजाय नहुनेःयस ऐनबमोजिम असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्वन्धमा कुनै राष्ट्रसेवक कर्मचारी र विपद् कार्यमा खटाएको कुनै व्यक्ति उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन ।

## परिच्छेद - ७
## विविध

२२. विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणाः (१) प्रदेशको कुनै ठाउँमा गम्भिर प्रकृतिको विपद् उत्पन भएकोले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न आवश्यक देखिएमा प्रदेश सरकारलेविपद् सङ्कटग्रस्त क्षेत्र घोषणा वा आदेश जारी गर्नको लागि नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

२३. प्रदेश सरकारले आदेश दिन सक्नेः (१) प्रदेश सरकारले नेपाल सरकारले घोषणा गरेको विपद् संकटग्रस्त क्षेत्रमा कुनै व्यक्ति, संस्था वा अधिकारीलाई नेपाल सरकारसँग आवश्यक समन्वय गरी आवश्यकताअनुसार देहायको कुनै वा सबै काम गर्न आदेश दिन सक्नेछः-

(क) त्यस्तो क्षेत्रमा आवश्यकताअनुसार सरकारी वा गैरसरकारी संस्था, शिक्षण संस्था वा अन्य संस्थालाई केहि अवधिको लागि बन्द गर्ने,

(ख) त्यस्तो क्षेत्रमा उद्वार कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै काम कारवाही गर्न नदिने,

(ग) सरकारी वा गैरसरकारी संस्था, शिक्षण संस्था वा अन्य संस्थाका कर्मचारीलाई काजमा खटाउने,

(घ) विपद् उद्धार कार्यको प्रयोजनको लागि गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको चल अचल सम्पत्ति उपयोग गर्न आवश्यक भएमा अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्ने,

(ङ) सरकारी श्रोत तथा साधनलाई उपयोग तथा परिचालन गर्ने,

(च) सम्वन्धित जिल्लाभित्रका गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अवधिसम्मको लागि अभिलेख राखी नियन्त्रणमा लिने र प्रयोग गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(छ) सम्वन्धित जिल्लाभित्रको गैरसरकारी संस्था, शिक्षण संस्था,अन्य संस्था वा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि,निर्माण सामग्री तथा अन्य वस्तु अभिलेख राखी नियन्त्रणमा लिने र विपद्बाट प्रभावित व्यक्तिलाई वितरण गर्ने,

(ज) त्यस्तो क्षेत्रमा पर्ने जग्गा, घर, कलकारखाना, देवदेवालय धार्मिकस्थल र अन्य यस्तै महत्वपूर्ण वस्तु वा स्थानलाई विनाश हुनबाट बचाउन आवश्यक उपाय अपनाउने,

(झ) सहयोग टोली गठन गरी विपद् संकटग्रस्त क्षेत्रमा पठाउने,

(ञ) विपद् प्रभावित क्षेत्रमा यातायात तथा मानिसको आवतजावतमा बन्देज लगाउने,

(ट) सर्वसाधारण जनताको जीउधनको रक्षाको लागि अन्य आवश्यक सुरक्षात्मक उपायको व्यवस्था गर्ने,

(ठ) विपद् व्यवस्थापनको लागि आवश्यक देखिएका अन्य काम गर्ने ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना गर्नु सम्वन्धित व्यक्ति, संस्था वा अधिकारीको कर्तव्य हुनेछ ।

२४. जुनसुकै स्थानमा प्रवेश गर्न सक्नेः विपद् व्यवस्थापनको समयमा खोज, उद्धार तथा राहत वितरण कार्यमा संग्लन सम्बन्धित निकायको पदाधिकारी विपद् सम्भाव्य क्षेत्र वा विपद् सङ्कटग्रस्त क्षेत्रभित्रको जुनसुकै स्थान, भवन आदिमा सूचना दिई आवश्यकताअनुसार प्रवेश गर्न सक्नेछ।

२५. नेपाल सरकारको स्वीकृति लिनु पर्नेः विपद्वाट असर परेको कुनै क्षेत्रमा संघीय कानूनबमोजिम विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२६. अन्तरराष्ट्रिय मानवीय तथा अन्य सहायता लिन सक्नेःप्रदेशमा भएको विपद्को अवस्थालाई तत्काल समाधान गर्न आन्तरिक श्रोत र साधनबाट नभ्याउने भई अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ भन्ने लागेमा अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोगका निम्ति नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ ।

२७. तत्काल खरिद तथा निमार्ण गर्न सकिनेः विशेष परिस्थिति परी विपद्वाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भईरहेको विपद्वाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरीद वा निमार्ण कार्य गर्न आवश्यक भएमा तोकिए बमोजिम खरिद वा निर्माण गर्न सकिनेछ ।

२८. <u>रकम दिइने</u>: (१) यस ऐनबमोजिम गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिको सम्पत्तिअस्थायीरुपमा प्राप्त गरेमा वा सवारी साधन प्रयोग गरिएमा त्यसरी प्राप्त गरिएको अभिलेख अनुसारको सम्पत्ति वा प्रयोग गरेको सवारी साधनको भाडा वापत प्रचलित दर अनुसारको रकम तोकिएको अधिकारीले सम्बन्धित संस्था वा व्यक्तिलाई दिनेछ । तर अचल सम्पत्ति प्राप्त गर्दा बाली लागेको वा लाग्ने जग्गा पनि परेको रहेछ भने नोक्सानी भएको वा हुने बालीको लागिसमेत आवश्यक क्षतिपूर्ति दिइनेछ ।

(२) यस ऐनबमोजिम गैरसरकारी संस्था, शिक्षण संस्था, अन्य संस्था वा व्यक्तिबाट खाद्यान्न, लत्ताकपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तु प्राप्त गरिएमा त्यस्तो वस्तुको प्रचलित दरबाट हुन आउने मूल्य बराबरको रकमसमेत तोकिएको अधिकारीले सम्बन्धित संस्था, संस्था वा व्यक्तिलाई दिनेछ ।

२९. <u>राहतको न्यूनतम मापदण्डसम्बन्धी व्यवस्था</u>: (१) प्रदेश सरकारले कार्यकारी समितिको सिफारिसमा विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतको न्यूनतम मापदण्ड बनाई लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्डमा अन्य विषयको अतिरिक्त देहायको विषय समावेश भएको हुनु पर्नेछः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाईसम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्ति क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहतसम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको हितसम्बन्धी,

(घ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जनसम्बन्धी,

(ङ) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहतलाई वितरण सम्बन्धी,

(च) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्नेसम्बन्धी,

(छ) राहतसँग सम्बन्धी अन्य उपयुक्त विषय ।

(३) उपदफा (१) बमोजिमको राहतको न्यूनतम मापदण्ड विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउने सबै निकायव्यक्ति वा संस्थाले पालना गर्नु पर्नेछ।

३०. <u>विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा</u>: विपद्मा परी हराई फेला पर्न नसकेका आंशिक वा पूर्णरुपमा क्षति भएका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३१. मिनाहा दिनेः विपद् व्यवस्थापन कार्यको लागि सरकारी संस्था वा संस्थाबाट खर्च भएका सामाग्री तथा श्रोत साधन प्रचलित कानून बमोजिम प्रदेश सरकारले मिनाहा दिन सक्नेछ।

३२. निर्देशन दिन सक्नेः कार्यकारी समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

३३. उपसमिति गठन गर्न सक्नेः (१) प्रदेश विपद् व्यवस्थापन समिति र कार्यकारी समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य,अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिएबमोजिम हुनेछ ।

३४. पुरस्कार दिन सक्नेः कार्यकारी समितिले विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहनस्वरुप तोकिएबमोजिम सम्मान तथा पुरस्कार दिने व्यवस्था मिलाउनेछ ।

३५. वार्षिक प्रतिवेदनः (१) कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समितिसमक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन विपद् व्यवस्थापन समितिले सार्वजनिकरुपमा प्रकाशन गर्नु पर्नेछ ।

३६. अधिकार प्रत्यायोजनःकार्यकारी समितिले यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार तोकिएको अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३८. नियम बनाउने अधिकारः प्रदेश सरकारले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम कार्यविधि तथा निर्देशिका मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३९. बचाउः यो ऐन प्रारम्भ हुनु पूर्व विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकारले गरेको निर्णय वा अन्य कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १